# टिम्प्यानोप्लाष्टि शल्यक्रियाको सुसूचित मञ्जुरीनामा — Tympanoplasty

यस मञ्जुरनामाको उद्देश्य साक्षीको उपस्थितिमा तल उल्लेखित बिरामीको अवस्था सुसुचित गरी गराई शल्यक्रियाको आवश्यकता र जटिलता बारेमा जानकारी दिई शल्यक्रियाको अनुमति प्राप्त गर्नु हो । यो मञ्जुरनामा, यस विषयको आपसी गहन छलफल र शल्यक्रियाको विस्तृत सुचना सम्प्रेषण को लिखित दस्तावेज हो । यस दस्तावेजको उद्देश्य उपचारार्थ उपस्थित व्यक्ति र निजका अभिभावकलाई यस प्रकृयाबारे विचार गर्न तथा मनका दुविधा र संशय सोधपुछबाट निराकरण गरी आफ्नो निर्णयमा पुग्न मद्धत गर्नु रहेको छ ।

बिरामीको नाम (Name) ............................................ उमेर/लिङ्ग (Age/Sex) ..............................

सम्भावित रोग (Diagnosis) ............................................ शल्यचिकित्सा तोकिएको मिति (Date of Surgery) ..................

शल्यचिकित्साको नाम (Surgery) ............................................ अनुमानित अस्पताल बसाई (Expected Hospital Stay) ..................
(जटिल अवस्था भएमा समयावधि थप्न सकिने छ)


शल्यचिकित्सक वा टोली (Surgeon or Team) ............................................ शल्यचिकित्सा प्रकारः आकस्मिक (Emergengy)/नियमित (Elective)

शल्यचिकित्सा केन्द्र (Hospital) ............................................ एनेस्थेसियाको प्रकारः (LA) लोकल (मासु लाटो पारेर), (GA)जनरल (बेहोस गरेर)

मञ्जुरीनामा विस्तृत रुपमा बुझाउने डाक्टरको नाम (Name of Doctor) ............................................

## टिम्प्यानोप्लाष्टि शल्यक्रियाको सामान्य जानकारी

टिम्प्यानोप्लाष्टि (Tympanoplasty) भनेको मध्य कानमा भएको रोग हटाउने र त्यसपछि सुनाइ राम्रो पार्न वा थप बिग्रनबाट बचाउन गरिने शल्यक्रया हो। माइरिङ्गोप्लाष्टि (Myringoplasty) कानको जालीको प्वाल टाल्ने शल्यक्रियालाई भनिन्छ ।




## शल्यचिकित्साको अनुमानित औसत जटिलता/Possible Complications

| | | |
|---|---|---|
| घाउँ पाक्नु, पीप बग्नु, सुन्निनु, दुख्नु | ३.९% | Bastier, 2016 (France) |
| घाउँबाट रगत बग्नु, रगत जम्नु | कहिलेकाँही, | तथ्यांक नभएको |
| आँखाको वरिपरि सुन्निनु | १% | Rajati, 2013 (Iran) |
| जिब्रोले स्वाद पाउने क्षमतामा कमी आउनु | ५.७% | Sakagami, 2005 (Japan) |
| मुख बांङ्गो हुनु, आँखा बन्द नहुनु (Facial nerve Palsy) | १.१% | Zhou, 2015 (China) |
| कानको कुरकुरे हड्डीको संक्रमण र जटिलता हुनु (Perichondritis) | ०.५% | Tseng, 2006 (Taiwan) |
| कानको वरिपरि दुखाइ हुनु | ३९% | Guven, 2018(Turkey) |
| चक्कर आउनु | ५% | Zhang, 2019 (China) |
| जाली नबस्नु/शल्यक्रिया असफल हुनु/फेरी अप्रेशन गर्नु पर्ने हुनु | ८.३-१६.७% (१५ वर्ष मुनिका बिरामीमा माइरिङ्गोप्लाष्टि गर्दा) | Tripathi, 2015 (Nepal) |
| | १७.३ % (१२ वर्ष माथीका बिरामीमा माइरिङ्गोप्लाष्टि गर्दा) | Joshi, 2013(Nepal) |
| कान कराउनु (Tinnitus) | १७.४% मा कान कराउने रहिरहने र ४.३% मा अझ बढ्ने (यदी मध्य कानमा मात्र रोग भएमा) | Lima,2007 (Brazil) |
| अप्रेशन अगाडी भन्दा श्रवण शक्तिमा कमी आउनु | ३-५% | Al Anazy, 2016 (Saudi Arabia) Bewick, 2015 (UK) |
| चिरा लगाएको ठाउँमा असामान्य दाग हुनु (Hypertrophic scar/Keloid) | २.१% | Tripathi, 2015 (Nepal) |
| मस्तिष्कज्वर (Meningitis) हुनु | दुर्लभ | |
| | | |

अघिल्लो पानामा उल्लेखित जटिलता भएमा कसरी थप उपचार गरिन्छ भनेर मैले बुझेको छु। ती उल्लेखित बाहेक पनि स्वास्थ्य उपचारको क्रममा कुनै कारणबस वा भवितव्य परेर अन्य जटिलता आउन सक्छन्। कहिलेकाँही बिरामीको स्थितिले त कहिले रोगको जटिलताले गर्दा शल्यक्रिया पूरा गर्न सकिंदैन र बिचमा शल्यक्रिया रोक्नु पर्ने पनि हुनसक्छ। यी बाहेक मेरा/हाम्रो बिरामीमा तल उल्लेखित केही विशेष जोखिमयुक्त अवस्था पनि रहेको छ/छैन। यस्ता विशेष जोखिमयुक्त अवस्थाले शल्यक्रियामा थप जटिलता आउन सक्ने सम्भावना रहेको कुरा पनि बुझेको छु/छौ।

- नवजातशिशु वा ३ वर्ष मुनिका बालक
- वृद्धावस्था (६० वर्ष माथि)
- उच्च रक्तचाप
- मघुमेह (Diabetes)
- मुटुको समस्या
- दम/खोकि, वा छाती/फोक्सो को दीर्घकालीन रोग
- मृगौलाको समस्या
- एलर्जी (Allergy)
- कमलपित्त, जण्डिस (Hepatitis/Jaundice)
- धुम्रपान
- मद्यपान
- गर्भावस्था
- रगत बग्ने व्यथा (Bleeding disorder)
- मोटोपना
- घुर्ने वा एप्निया (Apnoea)
- छारे रोग (Seizure Disorder)
- अपांग अवस्था
- जन्मजात विसंगति (Congenital anomalies)
- अन्य ..........................................................
..........................................................

म/हामीलाई माथी उल्लेखित शल्यक्रियाको बारेमा चित्तबुझ्दो रुपमा बताईएको छ। यस प्रकृयाबाट हुने लाभ, परिणाम र सम्भावित जटिलताबारे अवगत गराईएको छ। म/हामीलाई शल्यक्रियाबाहेक उपचारका अन्य विकल्प तथा ती विकल्पका फाइदा र बेफाइदाबारे पनि बताइएको छ। मैले/हामीले सम्पूर्ण विकल्पमा सोचविचार गरी शल्यक्रिया रोज्ने निर्णय गरे/गर्‍यौं। अप्रेशनमा सहयोगी तथा प्रशिक्षार्थी चिकित्सक पनि संलग्न हुन सक्छन् र अप्रेशनको भिडियो वा फोटो खिचेर चिकित्सकले रेकर्ड गर्न सक्छन् भन्ने बुझेको छु/छौं। शल्यक्रियाको प्रकृयाको दौरान अनुमान नगरिएको परिस्थिति सृजना हुन गएमा बिरामीको स्वास्थ्यलाई फाइदा पुर्‍याउन शल्यचिकित्सकले तत्काल लिएको निर्णयमा मेरो/हाम्रो सहमति रहने छ। यो मञ्जुरनामा मैले/हामीले बिना कुनै पुर्वाग्रह, डर र दबाबमा दिएको छु/दिएका छौं। कुनै कारणबस वा भवितव्य परी बिरामीलाई केही भईहालेमा शल्यचिकित्सक, नर्स, अन्य प्राविधिक टोली र सो अस्पताललाई दोष दिने छैन र तत्पश्चात् उत्पन्न जटिलता समाधान गर्न उपचारार्थ खटिएको टोलीलाई सहयोग गर्नेछु/गर्नेछौं।

बिरामीको नामः ..........................................................
उमेर/लिङ्ग ..............................
ठेगानाः ..........................................................
फोन नं.: ..................................इमेलः..........................
सहीः..............................
मितिः ............................

| दाँया | बाँया |
|---|---|
| | |

मञ्जुरनामा दिने व्यक्तिको नामः ..........................................
उमेर/लिङ्ग ..................
बिरामीसंगको नाताः ..........................................................
ठेगानाः ..........................................................
फोन नं.: ..................................इमेलः..............................
सहीः..................................
मितिः ..................................

| दाँया | बाँया |
|---|---|
| | |

साक्षीको नामः .......................................................................... उमेर/लिङ्गः ..............................
ठेगानाः ..................................................फोन नं : ..........................................इमेलः ..............................
मितिः ..................................................सहीः ..........................................

*१८ वर्ष भन्दा साना बिरामीको मञ्जुरनामा निजको अभिभावकले दिनु पर्छ।

- एनेस्थिसियाको जटिलताबारेमा सम्वन्धित चिकित्सकसँग परामर्श गर्नुहोस्।
- शल्यचिकित्सा पछि घरमा गरिने हेरचाह शल्यचिकित्साको राम्रो नतिजाकोलागी जरुरी छ।
- यो पत्र राम्ररी पढ्नु होस्, केहीप्रश्न छ भने सोध्नुहोस् र मनको दुविधा हटाई निर्णय गर्नुहोस्।